Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्षः २६ | अंकः १३ | वि.सं. २०८३ वैशाख १३ आइतवार | नेपाल संवत: ११४५, वैशाख शुक्ल दशमी | Sunday 26 April 2026 | yugaawhan@gmail.com | पृष्ठः ४ | मूल्यः ५ ।-

## कर्णालीमा २० वर्ष नपुग्दै ४३ प्रतिशतले गर्छन बालविवाह



**ओम शाही**
**सुर्खेत, १२ वैशाख ।**

मुलुकी अपराध (संहिता) ऐन २०७४ ले २० वर्ष उमेर नपुगी गरिएको विवाहलाई गैरकानुनी मान्छ । कानुनतः त्यस्तो विवाह स्वतः बदर हुने प्रावधान छ । मुलुकी अपराध (संहिता) ऐन, २०७४ मा भनिएको छ, विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन । ऐनमा उल्लिखित प्रावधानविपरीत गरिएको विवाह स्वतः बदर हुने कानुनी व्यवस्था छ ।

त्यसबमोजिमको कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँ जरिवाना हुनेसमेत ऐनमा छ । तर, कर्णालीमा बालविवाहलाई कानुनले रोक्न खोजे पनि समाजले भने सहजै स्वीकार्ने गरेको तथ्यांकले देखाउँछ । जातीय विभेद वा अन्य कारणले परिवारले अस्वीकार गरेबाहेक उमेर नपुगी हुने विवाह कानुनी कारबाहीको दायरामा कमै मात्र आउने गरेको प्रहरीको तथ्यांकले देखाउँछ । कर्णालीमा अझै पनि ४३.६ प्रतिशतले २० वर्ष नपुग्दै बिहे गर्ने गरेको तथ्यांकले देखाएको ।

तीमध्ये ५५.६ प्रतिशत किशोरी र २९.२ प्रतिशत किशोर रहेको राष्ट्रिय जनगणना २०७८ को बालबालिकासम्बन्धी सार्वजनिक तथ्यांकमा उल्लेख छ । त्यस्तै, कर्णालीमा १५ वर्ष नपुग्दै विवाह गर्ने दर २ प्रतिशत रहेको छ, जसमा महिला ३.१ प्रतिशत र पुरुष ०.६ प्रतिशत छन् । यो दर राष्ट्रिय स्तरमा १.९ प्रतिशत छ । भने १८ वर्ष नपुग्दै विवाह गर्ने दर कर्णालीमा २०.१ प्रतिशत छ, जसमा महिला २९ प्रतिशत र पुरुष ९.५ प्रतिशत छन् । राष्ट्रिय स्तरमा यो दर १४.१ प्रतिशत (महिला २१.९ प्रतिशत र पुरुष ५ प्रतिशत) छ ।

कर्णाली प्रदेशका १० वटै जिल्लामा बालविवाहको दर १० प्रतिशतभन्दा माथि छ । यसमा सबैभन्दा धेरै बालविवाह सल्यानमा भइरहेको छ । कर्णालीमा बालविवाह गर्नेमा पुरुषभन्दा महिला धेरै रहेका छन् । सल्यानमा २४.३ प्रतिशतले उमेर नपुग्दै वालविवाह गर्ने गरेको राष्ट्रिय जनगणनाको तथ्यांकले देखाउँछ । जसमा पुरुष ११.९ प्रतिशत छन् भने महिलाको संख्या ३४.७ प्रतिश रहेको छ । जिल्लागत तथ्यांक हेर्ने हो भने सल्यानपछि रुकुम पश्चिममा बालविवाह धेरै हुने गरेको छ ।

यस जिल्लाको बालविवाहको दर २३.७ प्रतिशत रहँदा पुरुष १२.४ र महिला ३२.८ प्रतिशत रहेका छन् । यस्तै, बालविवाह धेरै हुने जिल्लामा तेस्रो स्थानमा छ जाजरकोट । जाजरकोटमा कुल २२.१ प्रतिशतले उमेर नपुग्दै बालविवाह गर्ने गरेका छन् । जसमा पुरुष १०.९ प्रतिशत र महिला ३२.४ प्रतिशत रहेका छन् ।

बालविवाह हुने चौथों जिल्लामा परेको छ मुगु । मुगुमा २०.२ प्रतिशत बालविवाहको दर रहँदा ११.४ पुरुष र २८.१ प्रतिशत महिलाले उमेर नपुग्दै विवाह गर्ने गरेको तथ्यांकले देखाउँछ । यस्तै बालविवाह धेरै हुने जिल्लामा सुर्खेत पाँचौं स्थानमा पर्दछ । प्रदेश राजधानी रहेको जिल्लामै बालविवाहको तथ्यांक डरलाग्दो छ । यहाँ विभिन्न अधिकारकर्मी संघसंस्थाले बालविवाह रोक्ने अभियान नै थालेको भए पनि ती सबै झारा टार्नमै सीमित रहेका राष्ट्रिय जनगणनाको तथ्यांकले पुष्टि गर्दछ । सुर्खेतमा १९.५ प्रतिशतले २० वर्षमूनि विवाह गर्ने गरेका छन् । जसमा पुरुष ८.३ र महिला १८.२ प्रतिशत छन् । दैलेखमा १८.९ प्रतिशले उमेर नपुग्दै विवाह गर्ने गरेकोमा महिलाको संख्या धेरै छ । यस जिल्लामा ८ प्रतिशत पुरुष र २७.५ प्रतिशत महिलाले बालविवाह गर्ने गरेका छन् ।

त्यस्तै, जुम्लामा पनि बालविवाहको तथ्यांक डरलाग्दो छ । यहाँ १७.९ प्रतिशतले उमेर नपुग्दै विवाह गर्ने गरेकोमा पुरुषको संख्या ८.६ र महिलाको संख्या २६ प्रतिशत छ । हिमाली जिल्ला हुम्लामा ८.३ प्रतिशत पुरुष र २६.१ प्रतिशत महिलाले सानै उमेरमा विवाह गर्दा कुल बालविवाहको दर १७.७ प्रतिशत रहेको छ । कालिकोटमा १४.५ प्रतिशत बालविवाह हुने गरेको छ । जसमा पुरुष ६.५ र २१.३ प्रतिशत पुरुषले बालविवाह गर्ने गरेका छन् ।

त्यस्तै, डोल्पा जिल्लामा कुल बालविवाहको दर १३.८ प्रतिशत छ । डोल्पामा ८.३ प्रतिशत पुरुष र १८.८ प्रतिशत महिलाले बालविवाह गर्ने गरेका छन् । सार्वजनिक सरकारी तथ्यांकले बालविवाह रोक्न राज्य तथा विभिन्न संघसंस्थाले चलाउँदै आएका अभियानहरु असफल त छन् नै कर्णालीमा बालविवाह भित्रभित्रै समाजले सहजै स्वीकारेको देखिन्छ ।

कर्णालीमा बालविवाहको ग्राफ उच्च रहेको भए पनि यस्ता घटनाहरू प्रहरीकहाँ निकै कम मात्रामा आउने गरेको प्रहरीको तथ्यांकले देखाउँछ । कारबाही हुने डर तथा जनचेतनाको कमीजस्ता कारणले बालविवाहका घटना प्रहरीकहाँ कमै मात्रामा आउने गरेको जानकारहरू बताउँछन् । कर्णालीमा बालविवाहको ग्राफ उच्च रहेको भए पनि यस्ता घटनाहरू प्रहरीकहाँ निकै कम मात्रामा आउने गरेको प्रहरीको तथ्यांकले देखाउँछ । कारबाही हुने डर तथा जनचेतनाको कमीजस्ता कारणले बालविवाहका घटना प्रहरीकहाँ कमै मात्रामा आउने गरेको जानकारहरू बताउँछन् । पछिल्लो तीन आर्थिक वर्षको अवधिमा कर्णाली प्रदेशभर ४८ वटा बालविवाहविरुद्धका मुद्दा प्रहरीमा दर्ता भएको कर्णाली प्रदेश प्रहरी कार्यालय सुर्खेतले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ ।

आर्थिक वर्ष २०७७/०७८ यता दैलेखमा सबैभन्दा धेरै १८ वटा बालविवाहविरुद्धका मुद्दा दर्ता भएको प्रहरीको तथ्यांकले देखाउँछ । यस्तै, यो अवधिमा सुर्खेतमा १४, सल्यान सात, कालिकोटमा ६ र हुम्लामा तीनवटा मुद्दा परेको प्रहरीले उपलब्ध गराएको तथ्यांकमा उल्लेख छ । नेपालमा झण्डै ३० प्रतिशत किशोर-किशोरीले उमेर नपुग्दै विवाह गर्ने गरेको सरकारी तथ्यांकले नै देखाउँछ ।

२० देखि २४ वर्ष उमेरका २७ लाख ३१ हजार तीन सय ३९ युवामध्ये आठ लाख ११ हजार नौ सय ३३ अर्थात् २९.७ प्रतिशतले २० वर्ष नपुग्दै बिहे गर्ने गरेको सरकारी तथ्यांक छ । यसमा गैरकानुनी विवाह गर्नेमा किशोरीको संख्या किशोरभन्दा तेब्बरले धेरै रहेको आँकडाले बताउँछ । जनगणना अनुसार, २० वर्षमुनि

बाँकी ४ पेजमा

## तातो हावाको प्रकोप :
## बाँके-पश्चिम तराईमा जनजीवन अस्तव्यस्त

**सरला सुवेदी**
**बाँके, १२ वैशाख ।**

बढ्दो गर्मी र तातो हावाको प्रभावका कारण बाँकेसहित पश्चिम तराईका जिल्लाहरूमा जनजीवन उल्लेख्य रूपमा प्रभावित बनेको छ । पछिल्लो एक सातादेखि नेपालगञ्ज र आसपासका क्षेत्रमा तापक्रम निरन्तर बढ्दै गएपछि दैनिक गतिविधिहरूमा प्रत्यक्ष असर देखिन थालेको हो ।

बिहान ९ बज्न नपाउँदै घाम अत्यधिक चर्किन थालेपछि बजार क्षेत्रदेखि ग्रामीण बस्तीहरूसम्म सुनसानजस्तै देखिन थालेका छन् भने सर्वसाधारणको हिँडडुलमा पनि कमी आएको छ । स्थानीयवासीका अनुसार केही दिनअघिसम्म सहज रूपमा बाहिरी काम गर्न सकिने अवस्था रहे पनि अहिले अत्यधिक गर्मीका कारण बिहान र साँझबाहेक अन्य समयमा घरबाहिर निस्कनै कठिन भएको छ ।

नेपालगञ्जका स्थानिय अनुज थापाले "दिउँसो त धूप नै बले जस्तो हुन्छ, काम गर्नै सकिँदैन" भन्दै बढ्दो तापक्रमले जीवनयापन कष्टकर बनाएको बताए । सबैभन्दा बढी मार दैनिक ज्यालादारी गर्ने मजदुर वर्गमा परेको छ । निर्माण क्षेत्रमा काम गर्ने मजदुर रामलाल थारू भन्छन्, "पहिला त बिहानदेखि बेलुकीसम्म काम गर्थ्यौं, अहिले दिउँसो घामले सहनै नसक्ने हुन्छ, केही घण्टा मात्रै काम गरेर बस्नुपर्छ ।" त्यस्तै अर्का मजदुर दिलबहादुर परियारले पनि आम्दानी घटेको गुनासो गर्दै भने, "गर्मीका कारण काम गर्न सकिँदैन, काम नगरे पैसा आउँदैन, घर चलाउनै गाह्रो भएको छ ।"

अटो रिक्सा चालकहरू पनि उत्तिकै समस्यामा छन् । अत्याधिक गर्मीका कारण सवारी चलाउन जाँगर नआउने र यात्रु समेत कम हुने हुँदा आम्दानी घटेको उनीहरूको भनाई छ । सामान्यतया भीडभाड रहने बजारका मुख्य चोकहरूमा समेत अटो रिक्साको उपस्थिति पातलो देखिन थालेको छ । विद्यालयहरू सत्र समाप्तिका कारण बन्द रहेकाले बालबालिकाहरू घरमै सीमित भएका छन्, जसले बाहिरी गतिविधि अझ घटाएको छ । यसैबीच मौसम पूर्वानुमान महाशाखाले विशेष बुलेटिन जारी गर्दै लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई क्षेत्रमा आगामी केही दिन मध्यम स्तरको तातो लहर (हिट वेभ) चल्ने चेतावनी दिएको छ । केही स्थानमा तापक्रम ४० डिग्री सेल्सियसभन्दा माथि पुग्न सक्ने अनुमान गरिएको छ । बाँके, बर्दिया, दाङ, कैलाली, कञ्चनपुर, रुपन्देहीलगायतका जिल्लाहरू बढी प्रभावित हुने जनाइएको छ ।

स्वास्थ्यविद्हरूले अत्यधिक गर्मीबाट जोगिन विशेष सावधानी अपनाउन आग्रह गरेका छन् । भेरी अस्पतालका कन्सल्टेन्ट फिजिसियन डा. उमेश ढुङ्गानाका अनुसार शरीरमा पानीको कमी हुन नदिन पटक-पटक पानी, जुस तथा झोल पदार्थ सेवन गर्नु अत्यावश्यक हुन्छ । "दिउँसोको समयमा अनावश्यक रूपमा बाहिर ननिस्कनु, बाहिर निस्कनै परे टाउको छोप्ने, टोपी लगाउने र हल्का सुतीका कपडा लगाउने गर्नुपर्छ," उनले सुझाव दिए । असामान्य स्वास्थ्य समस्या देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको सल्लाह लिन पनि उनले आग्रह गरे । त्यस्तै छालारोग विशेषज्ञ डा. अस्मिता गौतमका अनुसार अत्याधिक गर्मीका कारण छाला पोल्ने, सुख्खा हुने, एलर्जी र घमौरा आउने समस्या बढ्ने गरेको छ । उनले प्रशस्त पानी पिउन, सुतीका कपडा प्रयोग गर्न र घाममा अनावश्यक रूपमा नहिँड्न सुझाव दिइन् । साथै नेत्र विशेषज्ञहरूले पनि घाम र धुलोका कारण आँखा पोल्ने समस्या बढ्न सक्ने भएकाले सनग्लासको प्रयोग गर्न र आँखा सुरक्षित राख्न आग्रह गरेका छन् ।

समग्रमा, बढ्दो तापक्रम र तातो हावाले पश्चिम तराईको जनजीवन कष्टकर बन्दै गएको छ । यस्तो अवस्थामा स्वास्थ्य सतर्कता अपनाउनु र सरकारी निकायबाट प्रभावकारी पूर्वतयारी गर्नु अत्यावश्यक देखिएको छ ।






## सम्पादकीय....

# भेरी-बबईलाई समस्याग्रस्त हुन नदेऊ !

राष्ट्रिय गौरवको भेरी बबई बहुउद्देश्यीय आयोजना सम्पन्न गर्न निर्माण व्यवसायीलाई दिइएको तेस्रो पटकको समायावधी समाप्त भएको छ। तर आयोजनाको भौतिक प्रगति भने जम्मा ५७ प्रतिशत भएको छ । आयोजनाको बाँध र विद्युत गृह (सिभिल वर्क) निर्माण कार्यका लागि २०७६ साउनमा निर्माण व्यवसायी रमण कस्ट्रक्सन र चीनको ग्वाङ्डोन-युनाटियन जेभीले ठेक्का पाएका थिए। सम्झौता अनुसार भेरी बबईले चार बर्ष भित्र पूर्णता पाइसक्ने पर्ने थियो। तर तीन पटक मौका दिँदा पनि आयोजनाको काम आधा पनि सकिएको छैन। १० वर्षअघि सुरु भएको आयोजनाको निर्माण प्रगति हेर्ने हो भने भेरी बबई पनि सिक्टा सिंचाइ आयोजनाकै बाटोमा अघि बढ्ने जोखिम बढेको छ। बाँकेमा निर्माण भइरहेको राष्ट्रिय गौरवको सिक्टा सिंचाइ आयोजना आर्थिक वर्ष २०६२/०६३ देखि बहुवर्षीय आयोजनाको रूपमा नेपाल सरकारले आफ्नै लगानीमा सुरु गरेको थियो। यो आयोजना १२ अर्ब ८० करोडको लागतमा सक्ने लक्ष्य थियो। तर आर्थिक वर्ष २०७०/०७१ सम्म अर्थात काम सुरु भएको आठ वर्षमा सम्पन्न गरेर बाँके जिल्लाको ३३ हजार सात सय ६६ हेक्टरमा भरपर्दो सिंचाइ सुविधा विस्तार गर्ने लक्ष्य राखिएको यो आयोजनाको गति निकै सुस्त छ।

भेरी बबई राष्ट्रिय गौरवको आयोजनामा समेटिएको भएपनि सरकारले दक्ष जनशक्ति लगायतका आवश्यक प्राविधिक पक्षलाई चुस्त बनाउन ध्यान नदिदा सिंचाइ र जलविद्युत उत्पादनमा रणनैतिक महत्व राख्ने आयोजना कहिलेसम्म बन्ला भनेर एकिन गर्न सकिने अवस्था छैन। अर्कोतर्फ निर्माण कार्य सम्पन्न गर्न ठेकेदार कम्पनीलाई पर्याप्त समय दिइएको भएपनि कम्पनीको लापरवाहीले युद्धस्तरमा काम अघि बढ्न सकेको छैन। आयोजना वर्गिकरणको आधार तथा मापदण्ड, २०८० को दफा १३ बमोजिम राष्ट्रिय गौरवका आयोजनाहरूमा लागत अनुमान कम्तीमा ५० अर्ब हुनुपर्ने र दफा १६ मा राष्ट्रिय गौरवका आयोजनाहरू १० वर्षभित्र सम्पन्न गर्नुपर्ने उल्लेख छ। तर झण्डै १३ वर्षअघिदेखि सुरु भएको यो परियोजनाको सुरुङको ब्रेक-थ्रुपछिका कामले तीव्रता पाउन सकेका छैनन्। नेपालमा पहिलोपटक टनेल बोरिङ मेसिन (टीबीएम) प्रविधिको प्रयोग गरी निर्धारित समयअघि नै सुरुङमार्गको ब्रेक-थ्रु भई चर्चा कमाएको आयोजना त्यसयता भने सुस्त गतिमा छ। यो आफैमा बिडम्बनाको विषय हो। नेपालका हिमाली क्षेत्र स्रोत भएका नदीको पानीलाई मझौला नदीमा स्थानान्तरण गरी बाह्रै महिना सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले भेरी-बबई डाइभर्सन आयोजनाको परिकल्पना गरिएको थियो। यो आयोजना नेपालका ठूला सिँचाइ परियोजनामध्ये एक हो, जसले भेरी नदीको पानीलाई १२ किलोमिटर लामो सुरुङमार्फत बबई नदीमा खसालेर बाँके र बर्दियाको झण्डै ५१ हजार हेक्टर जमिनमा बाह्रै महिना सिँचाइसँगै ४६ मेगावाट बिजुली निकाल्ने लक्ष्य राखेको छ।

यो लक्ष्य आफैमा कृषि र बिजुली उत्पादनमा आत्मनिर्भरताको बाटो हो। नेपालमा विकास नभएको होइन। तर भइरहेको विकासमा खर्च भएको लागतलाई उत्पादनमा जोड्ने दीर्घकालिन सोच भएका न नेता भए न त प्रशासन हाक्ने हाकिम नै। यहीँ प्रवृत्तिले शक्तिको आडमा सरकारभन्दा पनि ठेकेदार बलियो बनेको अवस्था। जसको साइड इफेक्ट देशले ठुला आयोजनाबाट प्रतिफल पाउनै सकेको छैन। यसकारण अब आयोजना जे भएपनि सम्झौता अनुसार काम नगर्ने निर्माण व्यवसायीका सटर सधैंका लागि बन्द गरिदिनु पर्दछ। यसका लागि राज्यले विकास निर्माणमा विद्यमान कानुनी अल्झन, स्रोत र जनशक्ति अभाव जस्ता प्राविधिक पक्षलाई व्यवस्थित गरिदिन आवश्यक छ। काममा कुनै पनि प्रकारको बाधा नपरेको अवस्थामा आयोजना होल्ड गर्ने निर्माण व्यवसायीलाई सबक सिकाउन नयाँ सरकारले विलम्ब नगरोस्। ठुलो लगानी लागेका आयोजना समयमै पुरा भएमात्र देशले पूर्वाधार विकासमा फड्को मार्छ। यसर्थ, रणनैतिक महत्वको भेरी-बबईलाई समस्याग्रस्त हुनबाट बेलैमा जोगाउन सरकारले ध्यान केन्द्रित गर्न आवश्यक छ।

## हलिया मुक्ति घोषणाको १८ वर्ष :

# 'व्यवस्था फेरियो, अवस्था उस्तै'

सुशील दर्नाल/रासस

अछाम जिल्लाको साँफेबगर नगरपालिका-४ स्थित साँफे बगरका तारा आउजी अहिले पनि हलिया बस्नुभएको छ। आफ्नो बाबुबाजेले कुनै बेला साहुसँग लिएको ऋण तिर्न नसक्दा ब्याजमा उहाँले मुक्त हलियाको रुपमा काम गर्दै आउनुभएको हो। तर उहाँसँग मुक्त हलियाको परिचयपत्र नै छैन। सरकारले पुनःस्थापनाका लागि लागत लिने क्रममा आउजीलाई छुटायो।

साफेबगर-४ मा आउजी जस्तै २०/२५ घर गणनामै छुटेका छन्। सोही ठाउँका दिनेश लुहार मष्टामाडौँ निवासी झपट कुँवरको घरमा हलिया बसेको वर्षौ भयो तर उनको पनि परिचयपत्र बनेको छैन। सुरेन्द्र भूल अर्का हलिया हुन्। सात/आठ बोरा धान र तीन/चार बोरा गहुँ लिने शर्तमा पुस्तौंदेखि स्थानीय ध्रुव कुँवरको घरमा अलि बस्दै आएका सुरेन्द्र भूलको नाममा पनि परिचयपत्र बसको छैन।

त्यसैगरी बझाङ जिल्लाको थलारा गाउँपालिका-३ स्थित दिपिलका जोगी नेपालीले गरिबीका कारण स्थानीय हरिसिंह रावलबाट १२ हजार ऋण लिएपछि २० वर्षदेखि हलिया बस्नु पऱ्यो। स्थानीय मधुरा कामीले भन्नुभयो, "मेरो न घर छ, न त जग्गा छ, म छुट हलियामा छु, तर सहयोग गर्ने केही छैन।" यो बस्तीका दलित समुदाय अहिले पनि पुरानै हिसाबले हलिया बसेका छन्। उहाँहरू केही उदाहरण मात्रै हो।

कर्णालीका रुकुम (पश्चिम भाग), सल्यान, डोल्पा, जुम्ला, मुगु, कालीकोट र दैलेख गरी सात जिल्ला र सुदूरपश्चिम प्रदेशका बाजुरा, बझाङ, डोटी, अछाम, दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर र कैलाली गरी नौ वटै जिल्लाका करिव १९ हजार हलिया सरकारले लिएको लगत सङ्कलनमै छुटेका छन्। सरकारले मुक्त हलिया घोषणापछि पुनःस्थापन नगर्दा अहिले पनि सुदूरपश्चम र कर्णालीका कतिपय स्थानमा हलि नै बस्न बाध्य छन्। कृषि बधुँवा मजदुरका रुपमा काम गरिनै रहेका छन्।

वर्षौं पहिला साहुँसँग लिएको पुस्तौनी ऋणको ब्याज स्वरुप पुस्तौँसम्म साहुको हलो जोत्दै (बाँधा मजदुर) आएका छन्। उनीहरूले मानब अधिकार र सामाजिक न्यायको प्रत्याभुति गर्न पाएका छैनन। आफ्नो अस्तित्व र जीविकाको लागि भूमिहीन श्रमिक किसानको जमिन्दारमाथि निर्भर छन्। ऋण र जमिन नै भूदासलाई जमिन्दारको जमिनसित बाँधिराख्ने मुख्य साधन बनेका छन्। अहिलेपनि जमीन्दारले आफ्नो सम्पूर्ण खेतीपातीको र अन्य घरेलु आवश्यकताको बखत बिना झन्झट श्रमिकमा लगाइरहेका छन्।

बिना पारिश्रमिक सित्तैमा हलो जोताइरहेका छन्। श्रमिक किसानले ऋणको ब्याज, जमिनको भाडा वा खाने अन्नको मूल्य तिर्नुपर्ने बाध्यताबाट मुक्त हुने आशामा बँधुवा बनिरहेका छन्। भूमिहीन भएकै नाममा बँधुवा श्रमिकका रुपमा जमिन्दारको जमिनसित पुरापुर बाँधिएका छन्। उनीहरूलाई जमिन्दारको स्वीकृतिबिना त्यो जमिनमा बाहेक अन्यत्र काम गर्ने व्यक्तिगत स्वतन्त्रता छैन।

देश लोकतान्त्रिक गणतन्त्रमा छ तर देशको एउटा समूहले बाँधाको जीवन बाचिरहेको छ। हलिया प्रथाः सामन्तवादी भूदास प्रथाकै एउटा रुप जिवित छ। हलि प्रथा लोकतान्त्रिक गणतन्त्रको अनुहारमा कुरुप दाग भएर रहेको छ। यसले समाजवादको मुख्य सिद्धान्त सामाजिक न्याय, समतामुलक विकास र समावेशिताको ध्वज्जी उडाएको छ। उच्च जात र जातितन्त्रसँग पनि जोडिएको यो प्रथा सम्पन्न र कथित 'ठूलो जात' का मानिस वा जमिन्दारले आफ्नो जमिन आफैँ नजोत्ने, आफ्नो खेतबारीमा कृषि उत्पादनका लागि आफूले श्रम नगर्ने, आफ्नो घरको काम पनि आफूले नगर्ने संस्कृति र सामाजिक प्रणाली कायमै छ।

नेपालको हलिया जस्तै युरोपमा सामन्ती भूदास प्रथा १९ सौँ शताब्दीको मध्यतिरबाट समाप्त भइसकेको छ। एसियाली मुलुकमध्ये चीनमा सन् १९४९ को जनवादी क्रान्तिपछि प्रारम्भ गरिएको भूमिसुधार कार्यक्रमले सामन्ती भूदास प्रथालाई हटाएको थियो। रुसमा त्यहाँका जार अलेक्जेण्डर दोस्रोको पहलबाट सन् १८६१ मा आएर यस्तो भुदास प्रथा समाप्त पार्ने पहल थालिएको थियो। तर, नेपालमा आजको २१औँ शताब्दीमा पनि सोही प्रकृतिको हलिया प्रथा कायम छ। सरकारले हलिया मुक्तिको घोषणा गरेको १८ वर्ष हुँदा पनि मुक्त हुन सकेको छैन।

**घोषणा भएको १८ वर्ष हुँदा पनि समस्या ज्यूँका त्यूँ**

हलियाहरूको लामो सङ्घर्षपछि सरकारले २०६५ भदौ २१ गते हलिया मुक्तिको घोषणा गऱ्यो। त्यसपछि सरकारले १६ हजार ३२२ हलिया प्रमाणित गऱ्यो। आर्थिक वर्ष २०६७/६८ देखि नै मुक्त हलिया पुनःस्थापन तथा वृत्ति विकास कार्यक्रमहरू सञ्चालन भयो। यद्यपि, घोषणा भएको पाँच बर्षपछि २०७० सालमा मुक्त हलिया पुनःस्थापनको ढाँचा र कार्ययोजना स्वीकृत गरी पुनःस्थापना कार्यक्रम सञ्चालनमा आएको देखिन्छ।

सरकारको तथ्याङ्कअनुसार पुनःस्थापना सुरु भएको लामो समय बर्ष बितिसक्दा पनि १६ हजार ३२२ मध्ये अझै दुई हजार ३६७ प्रमाणित हलिया परिवारले परिचय पत्र नै पाउन सकेका छैनन्। परिचयपत्र पाएकामध्ये पनि एक हजार १३५ ले पुनःस्थापनाको प्याकेज पाउन सकेका छैनन। यसरी हेर्दा अन्तिम प्रमाणीकरण भएका १६ हजार ३२२ कुल हलिया परिवारमध्ये ८५ प्रतिशत (१३ हजार ९५५ हलिया परिवार) ले मात्र परिचयपत्र प्राप्त गरेको र ७८ प्रतिशतले मात्र पुनःस्थापनाको प्याकेज पाएको देखिन्छ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हलियाको परिचयपत्रको वर्गीकरणको प्रवृत्ति हेर्दा १२ प्रतिशतले 'क' वर्गको परिचयपत्र दिएको देखिन्छ। त्यसैगरी २७ प्रतिशतले 'ख' वर्गको, ५ प्रतिशतले 'ग' वर्गको र ५६ प्रतिशतले 'घ' वर्गको परिचयपत्र पाएका छन्। २०७० जेठदेखि २०७६ वैशाखसम्मको छ वर्षमा वर्गीकरण मुताबिक एक हजार ६०१ हलिया परिवारको लागि जग्गा किन्ने काम भएको सरकारी तथ्याङ्क छ, दुई हजार २०३ घर निर्माण भएको देखिएको छ। आठ हजार ४२७ घर मर्मत भएका छन्। राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको यो तथ्यांक भने फरक छ।

राज्यले बधुँवा श्रमिकका रुपमा काम गरिरहेका मुक्त हलियाहरूको मुक्तिको घोषणासँगै सबै प्रकारका विभेद तथा शोषणहरूको अन्त्य, न्यायिक पुनःस्थापना, आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकारको सुनिश्चित गरी मुलप्रवाहमा ल्याउने भने पनि त्यसको पूर्ण कार्यान्वयन हुन नसकेको राष्ट्रिय मुक्त हलिया समाज महासङ्घ नेपालको भनाइ छ। महासङ्घका उपाध्यक्ष पर्वत सुनारले सरकारले पुनःस्थापनाको नाममा केही जग्गा/जमिनको व्यवस्था गरे पनि उनीहरूको रोजगारी, शिक्षा, स्वास्थ्य वा अन्य आयआर्जनका कार्यक्रम नभएको बताउनुभयो।

नेपाल सरकार र हलिया महासङ्घबिच २०६५ सालमा भएको पाँचबुँदे सहमति अनुसार पुनःस्थापना नभएको उहाँको भनाइ छ। सुदूरपश्चिम र कर्णाली प्रदेशमा रहेका मुक्त हलियाहरूको आधारभूत मात्रामा पुनःस्थापना कार्य आजसम्म पनि सम्पन्न हुन नसकको राष्ट्रिय मुक्ति हलिय समाज महासङ्घ नेपालका अध्यक्ष ईश्वर सुनारको भनाइ छ। सरकारले २०७८ सालमा गठन गरेको 'मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति' को प्रतिवेदनले 'हलियाको वर्गिकरण एकदमै अवैज्ञानिक र त्रुटिपूर्ण ढङ्गले भएको देखिन्छ' भनेको छ।

प्रतिवेदनले भनेको छ, 'कमैयाको वर्गीकरणलाई नक्कल गर्न खोज्दा यस्तो हुन गएको देखिन्छ, आफ्नो स्वामित्वमा घर र जग्गा भएको व्यक्ति हलिया नै हुँदैनन्, जग्गा त भएको तर त्यसले आवश्यकता र औचित्य नै देखिदैन, जग्गा त भएको तर त्यसले कति महिना खान पुग्छ भन्ने आधारमा 'ख' र 'ग' को वर्गिकरण हुनुपर्ने हो, तर त्यसो गरिएको देखिँदैन।'

यसबीचमा सरकारले सरकारले 'मुक्त हलिया पुनःस्थापन समस्या समाधान समिति', 'मुक्त हलिया पुनःस्थापन समन्वय समिति' पुनःस्थापना कार्यान्वयनका लागि जिल्लामा 'मुक्त हलिया पुनःस्थापन जिल्ला समिति' को पनि गठन गरेर हलिया समस्या समाधान गनै खोजेको देखिन्छ। २०६८ सालमा 'मुक्त हलिया पुनःस्थापना तथा अनुगमन कार्यदल' गठन भएको थियो। सरकारले पछिल्लो पटक २०७८ सालमा गठन गरेको 'मुक्त कमैया, कम्लरी, हलिया र हरवाचरवाको वस्तुस्थिति अध्ययन समिति' ले पहिलो नम्बरमा छुट हलियाको लगत सङ्कलन गर्नुपर्ने सुझाव दिएको छ।

**सरकार र दलको प्रतिबद्धता : प्रतिबद्धतामै सीमित**

नेकपा (एमाले) ले २०७९ को घोषणापत्रमा 'कुनै पनि नेपाली नागरिक आवासविहीन अवस्थामा रहनुपर्ने छैन' भनि ग्यारेन्टी गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो। २०८१ सालमा एमालेका अध्यक्ष केपी शर्मा ओली शर्मा नेतृत्वको सरकारले 'भूमिमा किसानको सहज पहुँच स्थापित गर्न भूमिको वैज्ञानिक व्यवस्थापनमार्फत सही सदुपयोग गर्न र आवाससम्बन्धी मौलिक हक कार्यान्वयनको सुनिश्चित गर्न आवश्यक प्रक्रिया अगाडि बढाइने' साझा सङ्कल्प गरे पनि कार्यान्वयन हुन सकेन। त्यसैगरी सुकुम्बासी, हलिया र पुस्तौँदेखि गुठी जग्गा कमाइरहेका किसान र श्रमिकका समस्या समाधान गर्ने पनि एमाले नेतृत्वको सरकारको सङ्कल्प थियो।

नेपाली कांग्रेसले २०८२ सालको निर्वाचनको आफ्नो घोषणा पत्रमा 'विपन्न, दलित तथा पिछडिएका समुदाय लक्षित सुरक्षित आवासलाई अभियानको रूपमा सञ्चालन गरी पाँच वर्षभित्र घरबिहीन अवस्थाबाट सबै नेपालीलाई मुक्त गर्छौं' भनेको छ। तर, यो पार्टीले हलिया समुदायको समस्या समाधान गर्न हपलसमेत गरेको देखिँदैन। नेकपा (माओवादी केन्द्र) ले पनि २०७९ सालको चुनावी घोषणा पत्रमा सुकुम्बासी र हलियाको समस्या समाधान गर्ने भनेको थियो। तर, चुनावलगत्तै प्रधानमन्त्री बन्नुभएको माओवादी अध्यक्ष पुष्पकमल दाहालले पनि यो समस्या समाधान गर्न सक्नुभएन।

वर्तमान सरकारले गत चैत्र १३ गते सार्वजनिक गरेको 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' मा देशभरका भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको एकीकृत डिजिटल लगत सङ्कलन तथा प्रमाणीकरण ६० दिनभित्र सम्पन्न गर्ने र भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी समस्या एक हजार दिनभित्र समाधान गर्न स्थानीय तहको समन्वयमा घर परिवार सर्वेक्षण सञ्चालन गर्ने भनेको छ। एक हजार दिनभित्र पहिचान भएका वास्तविक सुकुम्बासीलाई चरणबद्ध रूपमा जग्गा उपलब्ध गराउने वा घना शहरी क्षेत्रमा वैकल्पिक रूपमा एकीकृत आवासमार्फत पुनर्वासको व्यवस्था मिलाउनेपनि सरकारको योजना छ।

**संविधानमा छ, कार्यान्वयन छैन**

नेपालको संविधानले सबै खालको बाध्यकारी श्रमलाई निषेध गरेको छ। संविधानको धारा १६ ले प्रदान गरेको सम्मानपूर्वक बाँच्ने हकसम्बन्धी मौलिक हकको पहिलो दफाले नै 'प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक'

बाँकी ३ पेजमा

## विश्व

# अनिश्चयमा फसे अमेरिकालाई सहयोग गर्ने अफगानी

**काबुल, १२ वैशाख ।**

अमेरिका पुग्ने आशमा कतारमा अड्किएका आफ्ना नागरिकहरु सुरक्षित रुपमा स्वदेश फर्कनसक्ने अफगानिस्तानको तालिवान सरकारले जनाएको छ।

युद्धकालमा अमेरिकालाई सहयोग गरेका अफगानी नागरिक तथा उनीहरुका परिवारसमेत गरेर अहिले झन्डै ११ सयजना कतारको दोहास्थित अमेरिकाको एस सायलिया सैन्य शिविरमा शरण लिएर बसेका छन्।

यसमा विगतमा दोभाषेका रुपमा अमेरिकालाई सहयोग गर्ने, अमेरिकी स्पेशल अपरेशनमा सहयोग गर्ने तथा उनीहरुका परिवारमा सदस्य छन्। त्यस्तै अमेरिकी सेनामा रहेका १ सय ५० जना अफगानीका परिवारका सदस्य पनि यहाँ छन्।

ती नागरिकहरुलाई स्वदेश फर्कन कुनै समस्या नहुने अफगानिस्तानको विदेश मन्त्रालयले जनाएको हो। यसअघि जो बाइडेन प्रशासनले युद्धताका अमेरिकालाई सहयोग गर्ने अफगानी परिवारका लागि अमेरिकामा पुनर्वास कार्यक्रम सञ्चालन गरेको थियो। सन् २०२१ मा तालिवानले अफगानिस्तान कब्जा गरेपछि आफ्ना सहयोगीहरुको सुरक्षालाई ध्यानमा राखेर यस्तो निर्णय गरिएको थियो।

यस कार्यक्रमअन्तर्गत पहिले सहयोगीहरुलाई उद्धार गरेर सुरक्षित ठाउँमा लैजाने र त्यसपछि अमेरिकामा पुनर्वास गराउने योजना बन्यो।

बाइडेन प्रशासनले विभिन्न चरणमा गरेर ठूलो संख्यामा अफगानीहरुलाई यही कार्यक्रमअन्तर्गत अमेरिका लग्यो। तर, डोनाल्ड ट्रम्प राष्ट्रपति बनेर आएसँगै यो कार्यक्रम रोक्ने कार्यकारी आदेशमा हस्ताक्षर गरे। जसले अमेरिका जाने प्रक्रिया र पालो कुरेर कतारजस्ता देशमा बसेका अफगानीहरु समस्यामा परे।

झन्डै एक वर्षपछि ट्रम्प प्रशासनले अफगानीलाई तेस्रो देशमा पुनर्वासको व्यवस्था मिलाउने तयारी गरिरहेको छ। तर, अमेरिका जाने आशमा बसेका अफगानीहरु यस निर्णयले दुखी छन्।

पुनर्वास अभियानको वकालत गरिरहेको संस्था अफगान इभ्याकले कतारमा रहेका अफगानीहरुलाई कंगोमा पठाउनका लागि अमेरिकाले छलफल चलाइरहेको जानकारी बुधबार सार्वजनिक गरेको थियो। शनिबार अफगानिस्तानको विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहार बल्खीले आफ्ना नागरिकहरु स्वदेश फर्कनसक्ने बताएका हुन्।

अमेरिकी विदेश विभागले तेस्रो देशमा स्वेच्छिक पुनर्वास गराउने विकल्पमा काम भइरहेको जनाएको छ। तर, छलफल भइरहेका देशहरुको नाम सार्वजनिक गरेको छैन।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्युत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — हतारमा निर्णय लिने बानीले अप्ठ्यारो पार्ने हुँदा सजग रहनुहोला। अरूको फाइदाका लागि उपयोग भइनेछ।

**वृष** — आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ। सहयोगीहरूले काममा उत्साह जगाउनेछन्। रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ।

**मिथुन** — मिहिनेतले मानसम्मान दिलाउनेछ। अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ। बुद्धिको उपयोगले विद्या, धन आर्जन हुनेछ।

**कर्कट** — कामना पूर्ण हुनेछ र स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**सिंह** — बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ। व्यवसायमा लगानी बढाउनुपर्ने हुन सक्छ। आर्थिक समस्या सुल्झाउन कर्जा लिनुपर्ला।

**कन्या** — पेसा-व्यवसायमा मनग्य फाइदा उठाउने समय छ। व्यापार बढ्नेछ, रोकिएको काम बन्नेछ र जिम्मेवारी समेत बढ्न सक्छ।

विशेष काममा जग बसाउने अवसर छ। मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ। पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ। अवसरले मन प्रफुल्लित गराउनेछ।

**वृश्चिक** — सामाजिक काममा रुचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। पहिले प्रतिस्पर्धा गर्नेहरू स्वतः पछि हट्नेछन्।

**धनु** — खानपानको असावधानीले स्वास्थ्यलाई हानि गर्न सक्छ। काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला।

**मकर** — केही खर्च लागे पनि खानपान तथा मनोरञ्जनको समय छ। सोख र भौतिक साधनले खर्च बढाउन सक्छ। अरूको मुख ताक्नाले पछि परिनेछ।

**कुम्भ** — रोकिएका काम बन्नाले उत्साह जाग्नेछ। पुरुषार्थद्वारा अधिकार स्थापित गर्न सकिनेछ। प्रतिस्पर्धामा विजयी भइनेछ।

**मीन** — नयाँ अवसरका साथै भौतिक साधन जुट्नाले दिन उत्साहजनक रहनेछ। दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ।

# सुर्खेत-दैलेख प्रसारण लाइनको काम तीव्र

**युग संवाददाता**
**सुर्खेत, १२ वैशाख ।**

बाँके कोहलपुरदेखि सुर्खेत हुँदै दैलेखको चुप्रासम्म विस्तार हुने १३२ केभी प्रसारण लाइन आयोजनाको काम तीव्र रूपमा अघि बढाइएको छ। पछिल्लो समय आयोजना अन्तर्गत दैलेखका विभिन्न क्षेत्रमा टावर निर्माण कार्य धमाधम भइरहेको हो। सुर्खेतको सुब्बाकुनादेखि दैलेखको चुप्रासम्म कुल १०१ वटा टावरमध्ये हालसम्म७० वटा टावरको फाउन्डेसन निर्माण भइरहेको छ।

जसमा २५ वटा टावर पूर्ण रूपमा निर्माण सम्पन्न भइसकेको कोहलपुर सुर्खेत-दैलेख १३२ केभी प्रसारण लाइन आयोजनाका प्रशासन प्रमुख युवराज विष्टले बताए।

उनले दैलेख क्षेत्रमा रूख कटानसम्बन्धी निर्णय नेपाल सरकार मन्त्रीपरिषद्ले चाँडै निर्णय गरि दिए बाँकी काम समयमै सकिने अपेक्षा गरिएको जनाए। पछिल्लो समय स्थानीय विवाद समाधान हुँदै जाँदा सुर्खेत क्षेत्रमा जग्गा प्राप्तिका लागी काम सुरु भएको छ भने सुर्खेत, दैलेखतर्फ करिब ५० प्रतिशत काम सम्पन्न भएको जनाइएको छ।

दैलेखमा १०१ वटा टावर निर्माणका लागि ४६ जना स्थानीयको छ हजार ९०२ वर्गमिटर जग्गा अधिग्रहणको जग्गा प्राप्तिको कार्यसम्पन्न गरिएको छ। कर्णालीका विभिन्न जिल्लामा हिउँदमा लो भोल्टेज र जेठ तथा बर्खायाममा हावाहुरी र वर्षाको कारण विद्युत् संरचनामा क्षति पुग्दा उपभोक्ताले गुणस्तरीय विद्युत् सेवा पाउनसकेका छैनन्। उक्त समस्या समाधान गर्न नेपाल विद्युत् प्राधिकरणले यो प्रसारण लाइनलाई प्राथमिकताका साथ अघि बढाएको जनाएको छ।

# ट्रेड युनियन खारेज, राजनीतिक दलको सदस्यता लिने कर्मचारीलाई बर्खास्त गर्ने प्रस्ताव

**युग संवाददाता**
**काठमाण्डौं, १२ वैशाख ।**

युनिक श्रेष्ठसरकारले राजनीतिक दलहरूसँग आबद्ध कर्मचारी ट्रेड युनियनहरू नरहने गरी निजामती सेवा विधेयकको नयाँ मस्यौदा तयार पारेको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको प्रस्तावित विधेयकको मस्यौदामा ट्रेड युनियनहरूको सट्टा कर्मचारीको गुनासो सुन्न प्रभावकारी विकल्प दिने प्रस्ताव अघि सारिएको छ।

नयाँ सरकार बनेको २७ दिनभित्र 'संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' को मस्यौदा तयार पारी सुझावका लागि आफ्नो बेवसाइटमार्फत सार्वजनिक गरिएको हो। 'यो मस्यौदामा कर्मचारी ट्रेड युनियन नरहने तर गुनासो सुनुवाइका लागि प्रभावकारी संयन्त्र बनाउने व्यवस्था हामीले गरेका छौं,' संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले शनिबार सेतोपाटीसँग कुरा गर्दै भनिन्।




**राजनीति निषेध**

प्रस्तावित विधेयकमा निजामती कर्मचारीले राजनीतिक दल, राजनीतिक दलका भ्रातृ संगठन, जनवर्गीय संगठन वा राजनीतिक दलसँग आबद्ध संगठनहरूको सदस्यता लिन नपाउने व्यवस्था गरिएको मन्त्री रावलले बताइन्।

उनका अनुसार कुनै पनि निजामती कर्मचारी राजनीतिक क्रियाकलापमा आबद्ध भएको प्रमाणित भए भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गर्ने प्रस्ताव गरिएको छ।

मस्यौदामा 'राजनीतिक क्रियाकलापमा संलग्न भए वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बने भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी बर्खास्त गरिने' भनिएको छ।

**सेवा अवधि**

प्रस्तावित मस्यौदामा निजामती कर्मचारीको सेवा अवधि ६० वर्ष उमेरसम्म रहने भनिएको छ।

सचिवको पदावधि दुई वर्ष हुनेछ। कार्यदक्षताका आधारमा सरकारले बढीमा एक वर्ष थप गर्न सक्ने मस्यौदामा उल्लेख छ। कार्यकारी पदमा क्षमता परीक्षण गरी नेपाल सरकारले छड्के प्रवेश पनि गराउन सक्ने छ।

अधिकृत चौधौं तहका निजामती कर्मचारीको सेवा अवधि दुई वर्ष र अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको दुई वर्ष हुनेछ। तर सरकारले कार्यदक्षताका आधारमा अधिकृत तेह्रौं तहका निजामती कर्मचारीको पदावधि बढीमा एक वर्ष थप गर्न सक्नेछ। राजपत्रांकित तृतीय श्रेणी अधिकृत स्तरको कर्मचारीलाई न्यूनतम एक कार्यअवधि पूरा नभई कार्यालय प्रमुखको जिम्मेवारीमा सरूवा वा सुरू पदस्थापन नगर्ने व्यवस्था विधेयकमा छ।

त्यस्तै, राजपत्रांकित द्वितीय र तृतीय श्रेणीका निजामती कर्मचारीलाई तीन वर्ष, सहायक स्तरका कर्मचारीहरूको चार वर्ष पूरा नभई अन्तरमन्त्रालय सरूवा नगर्ने भनिएको छ।

कर्मचारी सरूवा गर्दा न्यूनतम र अधिकतम अवधि तोकिने छ। एउटै कार्यालयको एकै पद र समान जिम्मेवारीमा बढीमा चार वर्षभन्दा बढी कुनै कर्मचारी रहने छैन। एक आर्थिक वर्षमा बढीमा ३० प्रतिशतभन्दा बढी अन्तरमन्त्रालय सरूवा गरिने छैन।

**दुर्गम क्षेत्र र स्थानीय तहमा नगए बढुवा नहुने**

प्रस्तावित विधेयक अनुसार निजामती कर्मचारीले दुर्गम भौगोलिक क्षेत्रमा अनिवार्य रूपले काम गरेको हुनुपर्ने छ।

अहिले कर्मचारीहरू दुर्गम भौगोलिक क्षेत्रमा जान नमान्ने गुनासो सुनिन्छ। त्यस्तै, स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत भएर नजाने वा जान नमान्ने अवस्था पनि छ।

यसैलाई सम्बोधन गर्न कर्मचारीलाई बढुवाका लागि योग्य हुन दुर्गम क्षेत्र र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा काम गरेको हुनुपर्ने व्यवस्था गरिएको मन्त्री रावलले बताइन्।

'दुर्गम क्षेत्र र स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत पदमा काम नगर्ने कर्मचारीहरू बढुवाका लागि सम्भाव्य उम्मेदवार हुने छैनन्,' उनले भनिन्।

त्यस्तै, निजामती कर्मचारीको कार्यसम्पादन कमजोर भए वा व्यक्तिगत बेरूजु भए नकारात्मक सूचीमा राखिने र बढुवा वा मनोनयन रोक्का हुने व्यवस्था गरिएको छ।

कुनै निजामती कर्मचारीले आफ्नो पद, अधिकार वा जिम्मेवारी प्रयोग गर्दा व्यक्तिगत, पारिवारिक, व्यावसायिक वा आर्थिक स्वार्थसँग द्वन्द्व हुने वा हुन सक्ने कुनै पनि कार्यमा संलग्न हुन पाउने छैन। यसका लागि स्वार्थको द्वन्द्वसम्बन्धी व्यवस्था राखिएको छ।

**अवकाशपछि कुलिङ पिरियड**

यसअघि संघीय निजामती विधेयकबारे छलफल हुँदा धेरै समयसम्म अवकाशपछिको 'कुलिङ पिरियड' बारे चर्चा भएको थियो। यही विषयलाई लिएर अघिल्लो संसदमा विवाद समेत भएको थियो।

नयाँ मस्यौदाले पनि अघिल्लोचोटि प्रस्ताव गरिएजस्तै दुई वर्षको कुलिङ पिरियड कायम राखेको छ। उक्त अवधि पूरा नभई कुनै पनि संवैधानिक, कूटनीतिक वा अन्य सरकारी पदमा नियुक्ति नपाउने व्यवस्था गरिएको मन्त्री रावलले जानकारी दिइन्।

'राजपत्रांकित प्रथम श्रेणी र विशिष्ट श्रेणीको कर्मचारी निवृत्त भएको दुई वर्षसम्म कुनै राजनैतिक वा संवैधानिक पदमा नियुक्त हुन बन्देज' गरिएको मस्यौदामा उल्लेख छ।

विधेयक अनुसार संघीय निजामती सेवा वा अन्य सरकारी सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट राजीनामा दिएको वा अवकाश भएको कर्मचारीले राजीनामा स्वीकृत भएको वा सेवाबाट अवकाश पाएपछि उक्त कुलिङ पिरियड सुरू हुनेछ।

**मस्यौदामा सुझाव आह्वान**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले यो मस्यौदामा सुधार गर्न सुझाव माग गरेको छ।

मन्त्री रावलले विधेयकको मस्यौदालाई अन्तिम रूप दिन धेरैभन्दा धेरै सुझाव आवश्यक रहेको बताइन्।

'यो विधेयकको मस्यौदा हामीले २७ दिनभित्रै तयार पारेका छौं। विधेयक बनाउन सकेसम्म धेरै सुझावको अपेक्षा राखेका छौं। त्यसैले मस्यौदा सार्वजनिक गरेका हौं,' उनले भनिन्, 'यसमा सुझाव दिन गुगल फर्म पनि त्यसैसाथ राखेका छौं।'

यसअघि विधेयकको मस्यौदा सार्वजनिक हुने भए पनि यसरी सुझाव आह्वान गर्ने चलन थिएन।

**अन्य केही नयाँ व्यवस्था**

– निजामती सेवा श्रेणीगत र तहगत मिश्रित संरचनामा आधारित हुने।

– सूचना प्रविधिको जनशक्तिलाई निजामती सेवामा आकर्षित गर्न नेपाल सूचना प्रविधि सेवा गठन गर्ने।

– राजपत्रांकित विशिष्ट श्रेणीका सचिव, सहसचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखसँग वार्षिक रूपमा कार्यसम्पादन सम्झौता गरिने।

– सहसचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख तथा आयोजना प्रमुखको नियुक्तिमा योग्यतम कर्मचारीको नियुक्ति गर्न मुख्य कार्यसम्पादन सूचक सहितको योग्यतासम्बन्धी मापदण्ड तयार गर्नुपर्ने।

– कार्यसम्पादन सम्झौताको पुनरवलोकन तथा मूल्यांकन त्रैमासिक रूपमा गरिने र त्यसको नतिजा सार्वजनिक रूपमा प्रकाशन गरिने।

– संघीय निजामती सेवाको कुनै कार्यकारी वा विशेषज्ञ पदमा सरकारले कार्यक्षमतामा आधारित वा कार्यमूलक प्रयोगात्मक परीक्षण गरी खुला वा छड्के प्रवेशको विशेष व्यवस्था गर्न सक्ने।

– आरक्षणको सुविधा एक व्यक्तिले राजपत्र अनंकित पदमा एकपटक र राजपत्रांकित पदमा एक पटक मात्र लिन पाउने।

– वृद्ध बाबु,आमा, सासु, ससुरा वा परिवारका कुनै सदस्य अशक्त, अपांगता भएका वा जटिल दीर्घरोगबाट पीडितको हेरचाह गर्न श्रीमान, श्रीमती दुवै निजामती सेवामा कार्यरत भए एक जनालाई हेरचाह आवश्यक पर्ने स्थानमा सरूवा वा पदस्थापन गर्न सकिने

– राजपत्रांकित द्बितीय श्रेणीसम्मका निजामती कर्मचारीहरूको सरूवा, पदस्थापन तथा वृत्ति व्यवस्थापनसम्बन्धी कार्यलाई जबाफदेही बनाउन निजामती सेवा बोर्डको व्यवस्था गरिने। न्यूनतम अवधि अनिवार्य रूपले कार्यान्वयन गराइने।

– तलब भुक्तानी हुने अवधि मासिक रुपमा वा नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।

*(सेतोपाटी)*

# शुक्लाफाँटाबाट विस्थापितका समस्या समाधानको प्रयासमा सरकार

**युग संवाददाता**
**कञ्चनपुर, १२ वैशाख ।**

कञ्चनपुरस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जबाट विस्थापित परिवारहरूको समस्या समाधानका लागि सरकार वास्तविक पीडितको पहिचान गरी प्रक्रिया अगाडि बढाउने भएको छ। निकुञ्ज विस्थापित परिवारको अभिलेख सङ्कलन, जग्गा पहिचान तथा विवरण प्रमाणीकरण प्रक्रियालाई अघि बढाउने विषयमा सरकार गम्भीर हुँदै वास्तविक पीडित पहिचान गर्न लागेको हो।

वन तथा वातावरण र कृषि तथा पशुपन्छी विकासमन्त्री गीता चौधरीले निकुञ्ज प्रभावित परिवारको दीर्घकालीन व्यवस्थापनलाई प्राथमिकतामा राख्दै भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका उच्चपदाधिकारीसँग छलफल गरेका छन्। उनले वास्तविक पीडितको पहिचान गरी दीर्घकालीन पुनर्स्थापना सुनिश्चित गर्न आवश्यक रहेको बताए।

मन्त्री चौधरीका अनुसार विगतमा विभिन्न आयोगबाट सिफारिस भएका विवरण, जग्गाधनी प्रमाणपत्र वितरण तथा अन्य आधारलाई समेत मूल्याङ्कन गर्दै वास्तविक पीडितको पहिचान गरिनेछ। छलफलमा निकुञ्जबाट प्रभावित परिवारहरूको अभिलेख सङ्कलन, उपलब्ध जग्गाको पहिचान तथा लागत विवरणसँग प्रमाणीकरण (भेरिफिकेसन) गर्ने विषयमा विशेष जोड दिइएको छ।

साथै, तथ्यमा आधारित योजना निर्माण गरी चरणबद्ध रूपमा कार्यान्वयन गर्ने सहमति भएको वन तथा वातावरण मन्त्रालयले जनाएको छ। उक्त छलफलमा वन तथा वातावरण मन्त्रालयका सचिव डा गोविन्दप्रसाद शर्मा, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा बुद्धिसागर पौडेल तथा भूमि व्यवस्था मन्त्रालयका सचिव मदन भुजेललगायतको सहभागिता थियो।

छलफलका क्रममा निकुञ्जबाट विस्थापित परिवारहरूको समस्या समाधानका लागि सम्बन्धित मन्त्रालयहरूबीच समन्वयात्मक रूपमा अघि बढ्ने सहमति भएको मन्त्रालयका सचिव डा शर्माले जानकारी दिए। लामो समयदेखि व्यवस्थापनको पर्खाइमा रहेका निकुञ्ज पीडितहरूको समस्या समाधान अब प्राथमिकताका साथ अघि बढ्ने विश्वास व्यक्त गरिएको छ।

## व्यवस्था...

प्रदान गरेको छ। संविधानको धारा २४ ले हरेक नागरिकलाई जातीय छुवाछूतबिरुद्धको हक प्रदान गरेको थियो तर हलियामध्ये अधिकांशले आफू दलित श्रमिक हुनुको नाताले कार्यस्थलमा छुवाछूत ब्यहोरिरहेका छन्।

संविधानको धारा २९ ले हरेक नागरिकलाई शोषणविरुद्धको हक प्रदान गरेको छ। त्यसको उपधारा ३ ले कसैलाई पनि 'दास वा बाँधा बनाउन पाइने छैन' भनेर प्रष्ट रुपमा लेखेको छ। उपधारा ५ ले कसैले पनि बाँधा श्रमिक राखेमा त्यो दण्डनीय हुनेछ र पीडितले पीडकबाट क्षतिपूर्ति समेत पाउने भनेर उल्लेख गरेको छ। तर, हलियाहरू एक्काइसौं शताब्दीमा पनि ऋणको ब्याज, साहुको जमिन वा जमिनमा झुप्रो बनाएबापत वा थोरै अन्न पाएबापत बाँधा श्रमिकको रुपमा कथित 'मालिक' कहाँ काम गरिरहेका छन्।

संविधानको धारा ४० (उपधारा ५) ले राज्यले 'भूमिहीन दलितलाई एक पटक जमिन उपलब्ध गराउनु पर्ने' तथा (उपधारा ६) ले 'आवासविहीन दलितलाई बसोबासको प्रबन्ध गर्नुपर्ने' उल्लेख गरेको छ। हलियामध्ये ९७ प्रतिशत दलित समुदाय रहेको राष्ट्रिय दलित नेटवर्क (आरडिएन) को तथ्याङ्क छ। आरडिएनका अनुसार हलियामध्ये ८९ प्रतिशत भूमिहीन र ३६ प्रतिशत हलिया आबासबिहीन छन्। संविधानको धारा ५१ ले पनि 'मुक्त कमैया, कम्लहरी, हरवाचरवा, हलिया, भूमिहीन, सुकुम्बासीको पहिचान गरी बसोबासको लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने' विषय प्रष्टसँग भनेको छ।

मुक्त हलियाको पुनःस्थापनासँगै शिक्षा, स्वास्थ्य, रोजगारी, दिगो जीविकोपार्जन, सामाजिक सशक्तीकरण, समावेशीकरणसम्बन्धी मुद्दालाई सरकारले विशेष प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयन गर्नुपर्ने महासङ्घका अध्यक्ष सुनारको भनाइ छ। सांसद तथा मुक्त हलिया आन्दोलनका अगुवा गणेश विकले भन्नुभयो, "कानुनी रुपमा कमैया र हरूवाचरुवाको हल गर्ने जिम्मा सङ्घीय सरकारलाई भए पनि हलिया समस्या समाधान भइसक्यो भनेर हलियासम्बन्धी काम गर्ने विभाग नै बन्द गरिदियो, १५ हजारभन्दा बढी गणनामै छैनन्, सरकारले २०७६ सालदेखि हलियाको लागि बजेट पनि छुट्याएको छैन।" छुटेका हलियाको तथ्याङ्क वडा कार्यालयले लिनुपर्ने उहाँको भनाइ छ। त्यहि अुनसार जग्गाको लागि हो भने भूमि आयोगलाई र पुनःस्थापनाको लागि हो भने सरकारलाई सिफारिस गर्नुपर्ने उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "भूमि आयोगले अलियालाई जग्गा लिए पनि शिक्षा, रोजगारीलगायत पुनःस्थापनाको काम सरकारले गर्नुपर्छ।" हलिया अधिकारकर्मी डण्डीकुमार विक बिना आधार हचुवाको भरमा सरकारले हलियाको समस्या समाधान भयो भन्नु मुक्त हलियामाथि ठूलो अन्याय भएको बताउनुहुन्छ।

**अब के गर्ने ?**

संविधानले समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाज निर्माणको सङ्कल्प पूरा गर्न मुक्त हलियालाई व्यवहारिक रुपमा पुनःस्थापना गर्न सरकारले दीर्घकालीन समाधान खोज्नुपर्छ। मानव अधिकार र सामाजकि न्यायको प्रत्याभूति दिन, राजनीतिक परिवर्तन, लोकतन्त्र र गणतन्त्रको अनुभुतति दिलाउन हलियाको समस्याको समस्या समाधान गर्नुपर्ने देखिन्छ।

दिगो विकास लक्ष्य हासिल गर्न, संविधानले सुनिश्चित गरेका मौलिक हकको प्रभावकारी कार्यान्वयन गर्न पनि हलिया प्रथा हटाउनुपर्छ। त्यसको लागि सरकारले सबैभन्दा पहिला छुटेका हलियाको लगत सङ्कलन गर्न जरुरी छ। ऋण खारेजी र मुक्तिको घोषणा गर्दै गास र बासको लागि जमिनको व्यवस्था, उच्च र व्यावसायिक शिक्षामा पहुँच र आधारभूत स्वास्थ्यमा पहुँच हुन आवश्यक छ।

## छिन्चु-दोदोधारा ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशन मिति: २०८३/०१/१३)**

कर्णाली प्रदेशको सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका, लेकबेशी नगरपालिका, वीरेन्द्रनगर नगरपालिका, बराहताल गाँउपालिका, पञ्चपुरी नगरपालिका र सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको मोहन्याल गाउँपालिका, लम्कीचुहा नगरपालिका र बर्दगोरिया गाउँपालिकामा छिन्चु-दोदोधारा ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजनाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | नेपाल विद्युत प्राधिकरण<br>आयोजना व्यवस्थापन निर्देशनालय<br>मातातीर्थ, काठमाडौं<br>फोन नं.: ०१-५१६४०९९<br>ईमेल: pmd@nea.org.np |
| **प्रस्तावको व्यहोरा** | नेपाल विद्युत प्राधिकरणद्वारा प्रस्तावित छिन्चु-दोदोधारा ४०० के.भी. विद्युत प्रसारण लाइन आयोजना कर्णाली प्रदेश, सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका, वडा नं. १० मा निर्माण हुने छिन्चु सवस्टेसन देखि सुरु भइ सुदूरपश्चिम प्रदेश, कैलाली जिल्लाको बर्दगोरिया गाउँपालिका, वडा नं. ३ मा निर्माण हुने दोदोधारा सवस्टेसनमा अन्त्य हुनेछ। जस अन्तर्गत सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. १०, ११, १३, लेकबेशी नगरपालिका वडा नं. ७, ९, १०, वीरेन्द्रनगर नगरपालिका वडा नं. २, ९, १०, ११, बराहताल गाँउपालिका वडा नं. २, ३, ४, ८, पञ्चपुरी नगरपालिका वडा नं. ११ र कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा नं. ७, लम्कीचुहा नगरपालिका वडा नं. १, २, ३, ४, ६, ८ र बर्दगोरिया गाउँपालिका वडा नं. २, ३ रहेका छन्। यस प्रसारण लाइनको कुल लम्बाइ ९० कि.मि. रहेको छ भने २३७वटा टावरहरु रहनेछन् जसमध्ये सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिकामा २२ वटा, लेकबेशी नगरपालिकामा ६ वटा, वीरेन्द्रनगर नगरपालिकामा ४५ वटा, बराहताल गाँउपालिकामा ५६ वटा, पञ्चपुरी नगरपालिकामा १६ वटा, र कैलाली जिल्लाको मोहन्याल गाउँपालिकामा १० वटा, लम्कीचुहा नगरपालिकामा ६६ वटा, र बर्दगोरिया गाउँपालिकामा १६ वटा टावरहरु पर्दछन्। यस प्रसारण लाइनको कूल लम्बाइको ६०.७६ कि.मि. चुरे क्षेत्र र ९.६४ कि.मि. बर्दिया रास्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्नेछ जसमा १५७ वटा टावरहरू चुरे क्षेत्र र २४ वटा टावरहरू बर्दिया रास्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा निर्माण गरिनेछ। **यस प्रसारण लाईनको अधिकत्तम विचलन कोण ५२.२९ डिग्री रहेको छ र विद्युत मार्गको अधिकार क्षेत्र टावरको केन्द्र विन्दुबाट दाँया २३ र बाँया २३ मिटर गरी जम्मा ४६ मिटर रहेको छ। यस प्रसारण लाइनमा Double Circuit टावरहरुको उचाई ५०-६० मिटर, Multi Circuit टावरहरुको उचाई ७५-८० मिटर सम्म रहनेछ।** |
| **प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा.** | सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नं. १०, ११, १३, लेकबेशी नगरपालिका वडा नं. ७, ९, १०, वीरेन्द्रनगर नगरपालिका वडा नं. २, ९, १०, ११, बराहताल गाँउपालिका वडा नं. २, ३, ४, ८, पञ्चपुरी नगरपालिका वडा नं. ११ र कैलाली जिल्लाको मोहन्याल गाउँपालिका वडा नं. ७, लम्कीचुहा नगरपालिका वडा नं. १, २, ३, ४, ६, ८ र बर्दगोरिया गाउँपालिका वडा नं. २, ३ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| नेपाल विद्युत प्राधिकरण<br>आयोजना व्यवस्थापन निर्देशनालय<br>मातातीर्थ, काठमाडौं<br>फोन नं.: ०१-५१६४०९९<br>ईमेल: pmd@nea.org.np | पावर ग्रिड कोर्पोरेसन अफ इन्डिया लिमिटेड<br>«सौदामिनी» प्लट नं. २, सेक्टर – २९, गुरागाउँ- १२२ ००१, हरियाना (इन्डिया)<br>फोन नं.- +९१-१२४-२५७ १७००- ७१९<br>Website: http://www.powergridindia.com<br>जेड कन्सल्ट प्रा.लि.<br>चौथो तथा पाँचौं तला, २३१५ रिङरोड उत्तर, एकान्तकुना हाइट, ललितपुर ४४६००, नेपाल<br>फोन नं.: ९७७-०१-५३४७२३७,<br>ईमेल: info@jadeconsult.com.np, वेबसाइट: www.jadeconsult.com.np |

# राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सवको अवसरमा फुटसल प्रतियोगिता

**युग संवाददाता**
**सुर्खेत, १२ वैशाख ।**
नेपाल राष्ट्र बैंकको ७१ औं वार्षिकोत्सवको अवसरमा अन्तर बैंक फुटसल प्रतियोगिता सुरु भएको छ। शनिबारबाट नेपाल राष्ट्र बैंकको प्रादेशिक कार्यालय सुर्खेतको अयोजनामा वार्षिकोत्सवको अवसरमा कर्णाली प्रदेशस्थित बैंक तथा वित्तीयसंस्थाहरुबीच प्रतिस्पर्धा हुने गरी कर्णाली प्रदेशस्तरीय पाँचौं अन्तर बैंक फुटसल प्रतियोगिता सुरु भएको हो।

प्रतियोगितामा राष्ट्र बैंकसहित १६ बैंकको सहभागिता छ। शनिबार १२ खेल भएका छन् भने आइतबार प्रतियोगिताको फाइनल खेल हुने जनाइएको छ। राष्ट्र बैंकले आफ्नो स्थापना दिवसका अवसरमा विभिन्न सामाजिक उत्तरदायित्व अन्तर्गतका कार्यसँगै खेलकुद प्रतियोगितासमेत आयोजना गर्दै आएको छ।

अन्तर बैंक फुटसल प्रतियोगिताले बैंक तथा वित्तिय संस्थाहरु बीचको आपसी सम्बन्ध प्रगाढ हुने अपेक्षा गरिएको नेपाल राष्ट्र बैंक प्रादेशिक कार्यालय सुर्खेतका प्रमुख राजनप्रसाद रेग्मीले जानकारी दिए।

# बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन-२०२६ विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा जोड

**युग संवाददाता**
**सुर्खेत, १२ वैशाख ।**
कर्णाली प्रदेशको सुर्खेत वीरेन्द्रनगरस्थत मध्यपश्चिम विश्वविद्यालयमा सुरु भएको 'बहुविषयगत अन्तराष्ट्रिय सम्मेलन-२०२६' विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।


भारतको बिरला ग्लोबल युनिभर्सिटीसँगको सहकार्यमा मध्यपश्चिम विश्वविद्यालयद्वारा आयोजित 'बहुविषयगत अन्तरराष्ट्रिय सम्मेलन'(मल्टिडिस्प्लिनियरी ईन्टरनेश्नल कन्फेरेन्स) मा बोल्ने स्वदेशी तथा विदेशी वक्ताले यस्तो अन्तरराष्ट्रिय सम्मेलनले ज्ञान आदानप्रदान, अनुसन्धानको स्तरवृद्धि तथा विश्वव्यापी शैक्षिक सहकार्य विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउने धारणा व्यक्त गरेका हुन्।

बिरला ग्लोबल विश्वविद्यालयका प्रतिनिधि डिन प्राडा अर्चना चौधरी, जर्मनीबाट प्रमुख वक्ताको रूपमा निम्त्याइनुभएकी प्राडा सुसान्ने र काठमाडौँ विश्वविद्यालयका उपकुलपति प्राडा अच्युतप्रसाद वाग्लेसहितका वक्ताले मानव समाजमा हाल देखिएका चुनौतिको सामाना गर्न समन्वय, सहकार्य र एक भएर अगाडि बढ्नुको विकल्प नभएको बताए।

उनीहरूले कृत्रिम बुद्धिमता, डिजिटल रुपान्तरण र दीगोपनको भूमिका सम्बन्धित विषयमा अन्तरविषयगत सहकार्य र विश्वव्यापी ज्ञानलाई आदानप्रदान गरी समावेशी, दीगो तथा नवप्रवर्द्धनशील समाज निर्माणमा सम्मेलन कोसेढुङ्गा सावित हुने बताए।

उक्त सम्मेलनमा मध्यपश्चिम विश्वविद्यालयका उपकुलपतिसहित देशभरका उपकुलपति सम्मिलित राउण्डटेबल छलफलमा विश्वविद्यालयका विद्यमान समस्या, चुनौती सम्भावना र अवसर बारे उच्चस्तरीय प्राज्ञिक मन्थन भएको थियो। जसको सहजीकरण मध्यपश्चिम विश्वविद्यालय सेवा आयोगका अध्यक्ष प्राडा पन्ना थापाले गरेका थिए।

## घुयँत्रो



ऐलेको सरकारले पुरानो सरकारले गर्या कुरा उचाल्ने र थचार्ने, बिगार्ने र सपार्ने जुन काम गरिराछ। के साँच्चिकै यी कुरा लागू होलाथ त। सरकार बन्या पैलै दिनाँ वलिलाई र लेखकलाई लगेर पछार्यो तर क्यार्नु अदालत पुग्ने बित्तिकै अदालतले सरकारलाई पछार्यो हामी दर्शक हेर्याहेर्यै। त्यसपछिका दिनाँ दैनिक केई न केई निर्णय गरेको गर्यैछ सरकार कैले राष्ट्रपति कार्यालयलाई द्या जग्गा फिर्ता गर्छ अनि कैले दिपक भट्टजस्ता वलिका पेओर दलाललाई समाउँछ अनि कैलेगोल्छालाई समाउँछ अदालत पुर्याउँछ ओल्ट्याउँछ पल्टाउँछ ठूलै मनछो समाते जसरप चिच्याउँछ, कराउँछ, सुनाउँछ तर क्यार्नु अदालत पुर्याउँछ ,अदालत पुगेछि ती सबै घर फर्किन्छन अनि अनि अदालतका नाममायौटा स्ट्याटस आउँछ बस काम तमाम। नयाँ सरकारले परिवर्तनको महसुस गराको यै त होला। वास्तबमा पुरानो सरकारले न कामले महसुस गरायो न कुराले महसुस गरायो तर यो सरकारले कामले महसुस नगराएनि कुराले त महशुस गराछ यति भएछि हाम्लाई अरुके चाईयो आखिर महसुसै गराउने हो क्यारे कसैले कामले गराउँछन अनि कसैले कुराले गराउँछन त्यसमध्ये यो सरकारले कुरैले भएनि महसुस त गरायो नि ! आखिर पुराना सरकार भन्दा त यो सरकार धेरै क्रान्तिकारी देखियो हैन र? स्कुल पैले भन्दा ३ हप्ता पछाडियाट चल्ने बनायो, ५ कक्षासम्म परीक्षा दिन नपर्नेबनायो। हप्ताँ २ दिन बिदा बनायो। १५/१५ दिनाँ कर्मचारीले तलब पाउने बनायो। पेन्सन पट्टा घरै बसेर रिन्यु गर्ने बनायो। अरु त अरु सअघिल्लो दिन बैशाख १७ गत्याट सदन चालू गर्ने भनेर सदनबोलायो फेरि काँ के चित्त बुझेन सदनै स्थगित गर्दियो। आखिर २ तिहाइ को सरकार नदेखेका हामी अब ५ बर्षसम्म काँ के के गर्ने हो सबै हेर्न र बुझ्न पाईने भो। यो पटकका पिडि हामी साह्रै भाग्यमानी रैछम्। पुराना दलको सत्यानास भालको नि देख्न पाईयो अनि नयाँ दलले दुई तिहाईल्याएर दिनकै मन्त्रीमण्डलको बैठक र दिनकै नयाँ निर्यनि सुन्न पाईयो। अरु त अरु यो सरकारको सबैभन्दा ठूलो शत्रु सन्चार जगत यानेकि लोकतन्त्र र प्रजातन्त्रको धडकन मानिने पत्रकारिता रास्वपा पाटि भन्नेका लागि ठूलो दुष्मन रैछ। सरकार बनाउने बित्तिकै सन्चारलाई जाँको त्यैँ घक्रक्कै पार्न सरकारले " अबदेखि निजि क्षेत्रलाई वज्ञापन दिईने छैन। सरकनरी विज्ञापनको हकदार सरकारी पत्रपत्रिका ,रेडियो र टेलिभिजन हुन" भनेर ठोकुवा गर्दियो बिचरा पत्रकारहरु ठाउँका ठाउँ बोल्नु न बास्नु भएर बस्याछन। अब बिस्तारै नेपालाँ गैर सरकारी मिडिया हुने छैनन। मिडियाको लागि श्वास प्रस्वाश भन्या वज्ञापन हो जब शरीराँ श्वास प्रस्वासनै चल्दैन भने त्यो शरीर जिउँदो काँ रहन्छ र बिचरा लोकतन्त्र र गणतन्त्र ल्याउने हामी पत्रकारहरु हुम भन्नेहरु ऐले दुई तिहाइको सरकारको ढाँचा देखेर डरले सडकाँ आउननि सक्या छैनन बिरोध गर्ननि सक्याछैनन। बिरोध गरम भाटा लगाएर कठघराँ कोच्दिन्छ। यो ताता घामका बेलाँ दुईतिहाईका पुलिसले ठाडो उठनै नसक्ने गरि सडकमै थचारे भने क्यार्नु ! त्यसैले कसैलाई चित्त बुझेनि नबुझेनि सरकार जे भन्छ त्यै गर्दै जाने हो। अब जनताजति सबै सुकुम्बासी अनि सरकार सधै हुकुम्बासी भन्ने मानेर बस्नु सिबाय काम छैन।५ बर्षसम्म यस्तै सरकार चाहिन्छ भनेर रोजेरै चुपचाप घण्टी छाप भनेर घण्टी लाई भोट देछि अब जति थिच्छन थिच्छन सहनै पर्छ। हिजो ३५ बर्ष वलि ,देउवा,आर्जु प्रचण्डले थिचे अब रबि र बालेनले थिच्छन। जनता भन्या सँधै थिच्चिनकै लागि जन्म्या हुन जति थिच्छन थिचुन। हाम्रो काम जयहोस भन्दै बस्दै गर्ने हो।

## कर्णालीमा...

विवाह गर्नेमा किशोरको संख्या १४.५ प्रतिशत छ भने किशोरीको संख्या झण्डै तेब्बर धेरै ४२.८ प्रतिशत छ। १८ वर्ष नपुग्दै विवाह गर्ने बालबालिका को संख्या भने १४ प्रतिशत छ। त्यसमध्ये २१.९ प्रतिशत बालिका र १४.१ प्रतिशत बालक रहेको तथ्यांक कार्यालयले जनाएको छ। बालअधिकारकर्मी अनिता नेपालीले यो तथ्यांकले बालविवाह नियन्त्रणमा चुनौती थपिएको थपिदै गएको बताउँछिन्। उनले उजुरीलाई कानुनी प्रक्रियामा लैजान र दोषीलाई कारबाही गर्न स्थानीय तह, प्रहरी र समुदायबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताइन।

साथै जनचेतना अभिवृद्धि र कडा कानुनी कार्यान्वयनलाई प्राथमिकता दिनुपर्ने अधिकारकर्मी नेपाली बताउँछिन्। 'धेरैजसो बालबालिका सम्बन्धी विवादहरू औपचारिक उजुरीको चरणमै नपुगी सिधै मुद्दा दर्तामा जान्छन्' उनले भनिन्, 'केही अवस्थामा पीडित पक्षले सीधै कानुनी प्रक्रिया रोज्ने हुँदा उजुरी दर्ता नगरी अदालत वा सम्बन्धित निकायमा मुद्दा दर्ता गर्ने प्रवृत्ति देखिन्छ।' सबैले उजुरी दिने प्रक्रिया, यसको महत्व र उपलब्ध सेवा बारे पर्याप्त जानकारी नपाउँदा उजुरी दर्ता कम हुन गरेको उनले बताइन।

यसले गर्दा समस्या भए पनि मानिसहरू औपचारिक रूपमा उजुरी गर्न अघि नबढ्ने गरेको उनको भनाइ छ। 'सामाजिक दबाब र पारिवारिक प्रतिष्ठाको डरले पनि उजुरी कम हुने गरेको पाइन्छ' उनले भनिन्, 'बालबालिकासँग सम्बन्धित विषयहरू संवेदनशील हुने भएकाले परिवारले बाहिर ल्याउन नचाहने र गोप्य रूपमा समाधान खोज्ने प्रवृत्ति हुन्छ।'

मानसिक स्वास्थ्यप्रति सचेत बनौं।

**मानसिक समस्याका लक्षण:**
- निराश हुनु,
- तनाव तथा चिन्ता महशुस हुनु,
- बेलाबेलामा डर लाग्नु,
- बिनाकारण पसिना आउनु,
- गहिरो निद्रा नपर्नु,

**मानसिक समस्या निदानको लागि:**
- नियमित व्यायाम गरौं,
- आफ्ना भावना खुल्लारूपमा व्यक्त गरौं,
- परिवार र साथीहरूसँग समय बिताऔं,
- योग, ध्यान वा मनपर्ने गतिविधिमा संलग्न होऔं,

**आवश्यक परेमा चिकित्सकसँग परामर्श गरौं**

नेपाल सरकार
विज्ञापन बोर्ड

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इनिष्टच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

सामेल एग्रिकल्चर प्रा.लि.
वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत
SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075
हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।
budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२



GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810



● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

युगआह्वान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।